**Prāgyik Prabāha** Vol. 11, No. 1: 124-137, April 2023 Tribhuvan University Teachers' Association, Tribhuvan Multiple Campus, Tribhuvan University, Nepal

# खुसीको खोजी कथासङ्ग्रहमा निहित मनोविज्ञान

*डा.टंकप्रसाद पन्थ*
*tankapanth12@gmail.com*
*उपप्राध्यापक नेपाली*
*त्रिभुवन विश्वविद्यालय, त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा*

***Article History:*** *Received 10 August 2022; Reviewed 08 October 2022; Revised 25 December 2022; Accepted 15 January 2023*

**लेखसार**

*प्रस्तुत अनुसन्धानमूलक लेख 'खुसीको खोजी' कथासङ्ग्रहको विश्लेषणमा केन्द्रित रहेको छ । यस कथासङ्ग्रहका लेखक शालिकराम पाण्डे 'शिला' हुन् । कथाकार पाण्डेले विभिन्न क्षेत्रका पात्रहरूलाई उपस्थित गराई तिनको मानसिक अवस्थालाई केलाउने काम गर्दछन् । मानवीय मनलाई मिहिन रूपमा छामेर चरित्रको चित्रण गर्ने पाण्डेका कथामा मनोविज्ञान सघन रूपमा आएको पाइन्छ । मानिसका विविध मनोदशालाई कथामा अवतरण गराउने यिनका कथामा यौन मनोविज्ञान सशक्त रूपमा आएको हुन्छ । समाजका यथार्थ घटनालाई कथाको विषय बनाउने पाण्डेका कथाका पात्रहरू मानवीय स्वाभाविक प्रवृत्तिलाई आत्मसात गर्ने गरी चयन भएको छ । कथामा आएका केही पात्रहरू अनुकूल र केही चाहिँ प्रतिकूल प्रकृतिका रहेको देख्न सकिन्छ । मानवीय एषणा र अचेतन अवस्थाको चित्रण पनि यिनका कथामा सघन रूपमा भएको पाइन्छ । यस लेखमा शालिकराम पाण्डेको 'खुसीको खोजी' कथाभित्र प्रस्तुत मनोविज्ञानको अवस्थालाई अध्ययन गरिएको छ । कथामा उपस्थित पात्रहरूका चरित्र, तिनीहरूका व्यवहार, मानसिक स्थिति, सामाजिक मान्यता, मनोवृत्ति आदिका आधारमा कृतिको विश्लेषण गरी मनोविज्ञानका विविध पक्षका आधारमा 'खुसीको खोजी' कथासङ्ग्रहको अध्ययन गरिएको छ । प्रस्तुत अनुसन्धानमूलक लेखमा मनोविज्ञानको सैद्धान्तिक स्वरूपलाई उठान गरी सोही सिद्धान्तका आधारमा शालिकराम पाण्डेद्वारा लिखित खुसीको खोजी कथासङ्ग्रहमा उपस्थित गराइएका पात्रहरू र तिनको मानसिक दशा के कस्तो रहेको छ भन्ने प्राज्ञिक समस्यामा केन्द्रित रही यो लेख तयार पारिएको छ । यहाँ विश्लेषण विधिको उपयोग गरी पात्रका बोली, विचार र व्यवहारका सापेक्षमा कथाहरूको विश्लेषण गरी मनोविज्ञानको कस्तो प्रभाव रहेको छ भन्ने कुराको निष्कर्ष निकाली विश्लेष्य कथासङ्ग्रहको मूल्यनिरूपण गर्ने काम गरिएको छ ।*

*शब्दकुञ्जी : एषणा, कामशक्ति, जीवनेच्छा, मनोवेत्ता, स्वैरकल्पना ।*

## विषयपरिचय

शालिकराम पाण्डे नेपाली आख्यानका क्षेत्रमा उदियमान प्रतिभाका रूपमा देखा परेका छन् । २०६२ सालमा *सडक जीवन र साँझहरू* कथासङ्ग्रह प्रकाशनमा ल्याएका पाण्डेले २०७८ सालमा *खुसीको खोजी* कथासङ्ग्रह प्रकाशनमा ल्याएका छन् । आख्यानकार शालिकराम पाण्डेको जन्म पाल्पाको निस्दी गाउँपालिका

वडा नं. १ मा भएको हो । 'शिला' उपनामबाट समेत परिचित यिनी मूलतः आख्यानका क्षेत्रमा क्रियाशील स्रष्टा हुन् । सामाजिक सेवामा खटिँदै गर्दा साहित्य साधनामा पनि क्रियाशील रहनुलाई पाण्डेको साहित्यप्रतिको रुझान बुझ्न सकिन्छ । पात्रका मानसिक दशालाई विश्लेशण गरी कथामा उतार्ने पाण्डेका कथामा मनोविज्ञानको सघन प्रभाव पाउन सकिन्छ । समाजिक जीवनका यथार्थलाई विषयवस्तुका रूपमा छनोट गरी विभिन्न मानसिक अवस्थाका पात्रहरूको आन्तरिक यथार्थलाई प्रकाश पार्ने हुनाले पनि यिनका कथाहरू रोचक बन्न पुगेका छन् । समकालीन नेपालीहरूले भोग्नुपरेका यथार्थ अवस्थालाई कथाको विषय बनाई पात्रहरूका मानसिक समस्यालाई केलाउने काम पनि यिनले गरेका छन् । जीवनका यथार्थलाई झल्काउँदै गर्दा मानवीय अचेतनमा सुषुप्त अवस्थामा रहेका ग्रन्थिहरूको शल्यक्रिया गर्ने काम पनि यिनका कथामा भएको पाइन्छ ।

प्रस्तुत *खुसीको खोजी* कथा आवरण प्रकाशनद्वारा (२०७८) सालमा प्रकाशनमा आएको हो । यस सङ्ग्रहमा कुल उन्नाईसवटा कथाहरू समेटिएका छन् । आकर्षक आवरण पृष्ठको संयोजन भएको यस कृतिमा व्यक्तिको बिम्ब र उसले देखेको उज्यालो संसारको झलक यहाँ देख्न सकिन्छ । आवरणको पश्च भागमा लेखकको परिचय र विशेषता खुल्ने छोटो प्रकाशकीय टिप्पणी रहेको छ । कुल एक सय बीस पृष्ठमा संरचित यस कृतिको भूमिका खण्डमा जम्मा छ पृष्ठ रहेको र सातौँ पृष्ठदेखि एक सय बीस पृष्ठसम्म उन्नाईसवटा कथाहरू समेटिएको देख्न सकिन्छ । सङ्ग्रहको सबैभन्दा छोटो संरचनामा रहेको 'मृगतृष्णा' शीर्षकको कथा तीन पृष्ठमा र सबैभन्दा लामो संरचनामा निर्मित 'क्यानभासको कालो धर्सो' कथा नौ पृष्ठमा संरचित रहेको छ । आयामगत हिसाबले तीनदेखि नौ पृष्ठमा कथाहरू निर्माण भएको देखिन्छ । धेरैजसो कथाहरू पाँच/छ पृष्ठमै रचना गरिनुले कथाको आयामगत विस्तारतर्फ कथाकार सचेत रहेको पाइन्छ । प्रस्तुत लेखमा शालिकराम पाण्डेको खुसीको खोजी कथासङ्ग्रहका कथाहरूमा प्रस्तुत मनोविज्ञानको स्थितिलाई विश्लेषण गर्ने काम गरिएको छ । प्रस्तुत कथासङ्ग्रहलाई सामाजिक यथार्थ, अभिघात मनोविज्ञान, पात्रभित्रको मानसिक द्वन्द्व आदि सन्दर्भबाट अध्ययन गर्न सकिने भए पनि प्रस्तुत सङ्ग्रहका कथाका पात्रहरूको मनोविश्लेषणमा केन्द्रित रही कृतिको मूल्यनिरूपण गर्नु नै यस अनुसन्धानमूलक लेखको क्षेत्र र सीमा रहेको छ । मनोविज्ञानपरक समस्या, उद्देश्य, औचित्य र सीमाभित्र केन्द्रित रहेर शोध्य कथासङ्ग्रहलाई मनोविश्लेषण सिद्धान्तका पृष्ठभूमिमा विश्लेषण गरी मूल्यनिरूपण गर्ने काम भएको छ ।

## अध्ययनविधि

प्रस्तुत अनुसन्धानमूलक लेख कथाकार शालिकराम पाण्डेको *खुसीको खोजी* (२०७८) कथासङ्ग्रहको अध्ययनमा आधारित रहेको छ । उक्त कथासङ्ग्रहलाई समालोचनाका क्षेत्रमा प्रभावशाली रहेको मनोविज्ञानपरक सिद्धान्तको पृष्ठभूमिमा अध्ययन विश्लेषण गरी निचोड निकाल्नका लागि अनुसन्धानको आधारभूत सामग्रीका रूपमा शालिकराम पाण्डेको *खुसीको खोजी* कथासङ्ग्रहलाई छनोट गरिएको छ । प्रस्तुत अध्ययनलाई अगाडि बढाउन पुस्तकालयको उपयोग गरी द्वितीय स्रोतका सन्दर्भसामग्रीका आधारमा मनोविज्ञानको सैद्धान्तिक पर्याधार निर्माण गरिएको छ । मानिसका मनमा गुम्सिएर रहेका एषणा र कुण्ठाहरूलाई पात्रका क्रियाकलापलाई आधार बनाई मानिसका मनको गहिराइमा पुग्न सकिने हुँदा विश्लेष्य कृतिमा प्रस्तुत पात्रका बोली व्यवहार र क्रियाकलापको पहिचान विश्लेषण विधिमा आधारित रहेर गरिएको छ । प्राथमिक र द्वितीयक स्रोतबाट सङ्कलित सामग्रीलाई मनोवैज्ञानिक सिद्धान्तका आधारमा अध्ययन विश्लेषणका साथ विभिन्न शीर्षक र उपशीर्षकमा व्यवस्थापन गरी लेखलाई अन्तिम स्वरूप दिइएको छ ।

## मनोविज्ञानको सैद्धान्तिक परिचय

मानिसको मनसम्बन्धी अध्ययन गर्ने शास्त्रलाई मनोवैज्ञानिक चिन्तनका रूपमा लिइन्छ । मानिस बाहिर जेजस्तो देखिन्छ उसको भित्र भने भिन्न अवस्था रहेको हुन्छ । मानिसको भित्री मनको अध्ययन गर्नका लागि मनोविज्ञानको सहारा लिनुपर्ने हुन्छ । मनोविज्ञानसम्बन्धी अध्ययनको आरम्भ भएसँगै परम्परागत मान्यता र अवधारणाहरूमा परिवर्तन देखा पर्‍यो । मनोविज्ञानको अभ्युदयले 'मान्छे' सम्बन्धी परम्परागत धारणामाथि पुनर्विचारको प्रारम्भ गर्‍यो । साथै डार्विनको विकासवाद र मार्क्सवादले पनि मान्छे, जीवन र समाजसम्बन्धी नयाँ चिन्तनको जग बसाले । दिव्य र ईश्वर अनि धर्मका शृङ्खला टुट्न थाले भने नयाँनयाँ आर्थिक, राजनीतिक, जैविक-मनोवैज्ञानिक आदि स्थापनाबाट मान्छेको सम्बन्धमा नयाँ व्याख्या र दृष्टिको सूत्रपात र विकास हुन गयो (त्रिपाठी, २०३० : पृ. ५८०) । बाहिर देख्दा भद्र अनि शान्त प्रकृतिको मानिस मानसिक तहमा अशान्त र अराजक पनि हुन सक्छ । त्यसको वास्तविकतालाई बाहिर ल्याउन एक कुशल मनोवेत्ताले मात्र सक्दछ । मानिसलाई सम्पूर्ण रूपमा पढ्नका लागि उसको मानसिक अवस्थाको ज्ञान हुनु आवश्यक छ । मनोविज्ञानका जन्मदाता सिग्मन्ड फ्रायडले मानवीय मनका विभिन्न अवस्थाको अध्ययन गरेका छन् । उनीपछिका युङ्ग र एडलरले यस अध्ययनलाई अझ समृद्ध बनाउने काम गरेका छन् । फ्रायडले मानव जीवनको चालक शक्ति कामशक्ति वा कामेक्षालाई मानी यौनसम्बन्धी मान्यतालाई बल दिएका छन्, तर यस विचारसँग युङ्ग सहमत छैनन् । उनले कामशक्तिका सट्टा जीवनशक्ति वा जीवनेच्छालाई मानवको चालक शक्ति मानेका छन् (शर्मा र लुइटेल, २०६७ : पृ. १८५) । फ्रायडले कामवृत्तिलाई नै मानव जीवनको उत्प्रेरक मानेका छन् । मानिसभित्र रहेका विभिन्न ग्रन्थि र दशाको अवस्थाका पृष्ठभूमिमा कला वा साहित्यलाई हेर्ने मान्यता आफैमा समृद्ध रहेको पाइन्छ । फ्रायडवादी लेखकहरू सिङ्गो मानवीय जीवनमा कामशक्तिको महत्त्वपूर्ण भूमिका रहन्छ भन्ने कुरालाई ज्यादै महत्त्व दिन्छन् । मनका चेतन र अचेतन सत्तालाई व्यक्तित्व संरचनाको प्रेरक तत्त्व मानेका छन् (सुवेदी, २०५१ : पृ. २२४) । यौनलाई कारक तत्त्व मानी जीवनलाई विश्लेषण गर्नेहरूले सबै मानिसका यावत् क्रियाकलापमा यौनको छाया देख्दछन् । मानिसमा ऊर्जाशक्तिको स्रोत पनि कामलाई मानेका हुन्छन् । व्यक्तिका रुचि, अरुचि र मान्यतामा पनि यौनको सघन प्रभाव रहेको हुन्छ । 'व्यक्तिले आफ्नो यौनचाहना, यौनेच्छा वा यौनिक विषयलाई समाज निरपेक्ष र स्वतन्त्र विषयका रूपमा भोग्न चाहन्छ वा भोग्ने चेष्टा गर्छ (गैरे, २०७१ : पृ. ४७) । यौनको सन्तुष्टि हुँदा व्यक्तिको जीवनमा सकारात्मक रक्तसञ्चार हुन्छ भने यौन एषणाहरू कुण्ठित बन्दा व्यक्ति विक्षिप्त र मनोरोगी बन्न जान्छ । फ्रायड व्यक्तिका प्रत्येक कर्ममा यौन चेतनाले काम गरेको हुन्छ भन्ने मान्दछन् । उनले लिबिडो नामक कामशक्तिको वर्णन पनि गरेका छन् । पाश्चात्य चिन्तन प्रणालीमा यौनमनोविज्ञान नै कामको उपस्थापक हो र यसका प्रमुख व्याख्याता फ्रायड नै हुन् (भण्डारी, २०६१ : पृ. १८१) । जीवनलाई मनोविज्ञानका आँखाले हेर्ने फ्रायडवाद मानिसको चरित्र र व्यवहारको निर्धारक उसको मन नै रहेको र सबै कुराको सञ्चालक कामशक्ति रहेको मान्यता राख्दछ । चरित्रको मानसिक दशाको प्रभाव उसका बोली र व्यवहारमा प्रत्यक्ष रूपमा पर्न गएको हुन्छ । पात्रको मनोरचनाको बोध हामीलाई साहित्यमा प्रायःजसो भाषिक बिम्बमार्फत् नै हुन आउँछ । कुनै पात्र कामवृत्तिको उदात्तीकरणमा संलग्न हुन्छ त कुनै पात्र त्यसबाट उत्पन्न सङ्घर्षलाई बौद्धिकीकरणको भाषामा प्रस्तुत गरिएको हुनसक्छ (गौतम, २०५० : पृ. १११) । यसरी हेर्दा मनोविज्ञानपरक अध्ययनमा पात्रको मानसिकता र त्यसबाट उत्पन्न प्रभाव उसका क्रियाकलापमा देखिने कुरालाई महत्त्वपूर्ण मानिन्छ ।

मानिसको भित्री संसार विचित्रको छ । सामान्य रूपबाट मानिसको सम्पूर्ण पक्षलाई पढ्न सकिँदैन । मन विभिन्न स्थायुहरूको संरचनाबाट बनेको हुन्छ । मानिसका सम्पूर्ण क्रियाकलापहरूको सञ्चालक तत्त्व मन हो ।

स्मृति त्यस्तै मानसिक क्रिया हो । अनुभव त्यस्तै प्रकारान्तर मनोविज्ञान हो । अनुभूतिलाई समृद्ध तुल्याउन पनि स्मृतिबिम्ब र स्वप्नबिम्बमा निहित विगतका बिम्बहरूको प्रबल भूमिका रहन्छ (सुवेदी, २०६८ : पृ. ५९) । मानसिक संवेगको परिणति स्वरूप कला वा साहित्यको सिर्जना सम्भव हुन्छ । स्वप्न सिद्धान्त र मानिसका एषणाहरूको दमनसम्बन्धी कुरालाई यस सिद्धान्तले महत्त्व दिएको हुन्छ । 'स्वप्न कामेच्छाको दमनबाट उत्पन्न हुने भएकाले यसको अध्ययन वैज्ञानिक ढंगले हुनुपर्छ भन्ने मनोविश्लेषणको प्रस्ताव छ । जीवनका कामुक इच्छाहरूको पूर्ति हुन सम्भव नभएकाले दमित भएपछि ती प्रतिबन्धकबाट बाँच्न छद्म रूप लिएर सपनाको आकृतिमा देखापर्छन् । अतृप्त इच्छाहरू नै भेष बदलेर सपनामा आउने हुन् (गौतम, २०५० : पृ. ९९) । साहित्यको सिर्जनामा पनि यसले कडीको काम गरेको हुन्छ भन्ने दृष्टिकोण फ्रायडको रहेको छ । वास्तवमा साहित्य सिर्जनाको कारक पक्ष पनि मानवीय अचेतनको अहं स्थापना रहेको देखिन्छ । कल्पनाकै माध्यमबाट त्यस्ता स्मृतिबिम्बहरूको निर्माण र परम्परा कायम हुन्छ । यसैको उपजका रूपमा स्वैरकल्पनालाई लिइन्छ । 'स्वैरकल्पनाले वस्तुनिष्ठ सामाजिक यथार्थलाई नयाँ दृष्टिबाट उपस्थित गरी त्यसलाई नयाँ किसिमबाट अवधारणीकृत गराई आफ्नो प्रयोजन सिद्ध गर्छ । बाह्यतलमा यो स्वप्नवत् लेखन देखिए तापनि गहन तलमा यो ठोस सामाजिक धरातलमा उभिएको हुन्छ (शर्मा, २०६३ : पृ. ४४५) । मनोविज्ञानले यस्ता विविध पक्षको अध्ययन गरी मानिसको वास्तविक 'स्व'लाई बाहिर ल्याउन मद्दत गर्दछ । मानिसका अन्तश्चेतनामा दबिएर रहेका यौनका ग्रन्थिहरू कुनै निकास पाउना साथ बाहिर प्रकट हुन्छन् । 'यौन जीवनको अत्यधिक प्रभावशाली विषय हो । यसले मानिसलाई अत्यन्तै आकर्षित गरेको हुन्छ । यौनका सम्बन्धमा प्राचीन कालदेखि वर्तमान कालसम्म नै विभिन्न चिन्तन गरिएका छन् । प्रत्येक युगका चिन्तन-प्रणालीले मानव जीवनमा यौनको सर्वाधिक महत्त्व रहेको कुरा प्रमाणित गरेका छन् (भण्डारी, २०६१ : पृ. ४१) । यौन चेतनामा आधारित भई सिर्जना गरिएका संसारका प्रेम कथाहरू पनि यसका साक्ष्य रहेका छन् । मानवीय जीवनलाई यौनका पृष्ठभूमिमा हेर्ने फ्रायडवादी चिन्तनलाई विश्वकै विशिष्ट प्राप्तिका रूपमा पनि लिने गरिएको पाइन्छ । विपरीत र वर्गीय वैषम्य आदिका आधारमा सुषुप्त मनोदशाले प्राप्त गरेको विक्षिप्ततासमेत पनि कथा जगत्का कथ्य बन्न सक्छन् । विक्षिप्तताको गर्भमा दबेका यौन पिपासाबाट पीडित भएका मनोदशाका सम्बाहक कथाचेत पनि यौनमनोविज्ञानकै अपराधोन्मुखी प्रवृत्ति भएर देखापर्छन् (सुवेदी, २०५१ : पृ. २२४) । व्यक्तिको जीवनका हरेक क्रियाकलापमा मनोविज्ञानले सघन प्रभाव पारेको हुन्छ । मानसिक सन्तुलन गुमाउँदा मानिस पागलपनमा प्रवेश गर्दछ । यसैले मनको समुचित व्यवस्थापनले व्यक्तिको जीवनमा सकारात्मक भूमिका खेलेको हुन्छ । मानिसको मनोव्यवस्थालाई सन्तुलनमा राख्न सकेमा स्वस्थ रूपमा व्यवहार सम्पादन हुनसक्छन् । पूर्वीय साहित्यको रस सिद्धान्तसँग पनि मनोविज्ञानको गहिरो सम्बन्ध रहेको चर्चा पाइन्छ । प्लेटो, अरिस्टोटलबाटै पृष्ठभूमि प्राप्त गरी फ्रायड, एडलर, युङ्ग आदि विद्वान्बाट प्रतिपादित पाश्चात्य साहित्य चिन्तनमा प्रभावशाली बनेर रहेको मनोवैज्ञानिक चिन्तन र रसवाद परस्परमा तुलनीय रहेको र थप अध्ययनको विषय बनेको कुरा स्पष्ट हुन्छ ( पन्थ, २०६९ : पृ. १६८) । मनोविज्ञानको अध्ययन क्षेत्र बहुआयामिक रहेको छ । व्यक्तिका बोलीचाली र व्यवहारबाट उसको अन्तर्यलाई अध्ययन गर्ने यस प्रकृतिको चिन्तन साहित्यमा महत्त्वपूर्ण बनेर रहेको छ । शालिकराम पाण्डेको *खुसीको खोजी* कथाभित्रका कथामा पात्रहरूका व्यवहारलाई अध्ययन गर्नका लागि मनोविज्ञानलाई प्रमुख रूपमा सैद्धान्तिक आधार बनाइएको छ ।

## खुसीको खोजी कथासङ्ग्रहमा मनोविज्ञानको अवस्था

कथाकार शालिकराम पाण्डेको दोस्रो प्रकाशित कृतिका रूपमा रहेको प्रस्तुत कथासङ्ग्रहमा मानवीय मनको सूक्ष्म विश्लेषण गरिएको छ । पात्रहरूका विविध प्रकारका मनोदशाको चित्रण यस कथासङ्ग्रहमा पाउन सकिन्छ । मानिस बाहिर हाँसे पनि भित्र पीडा र छट्पटीमा रहेको हुनसक्छ । देख्दा सौम्य शान्त प्रकृतिको देखिए

पनि भित्र बेचैनीहरू हुनसक्छन् । यही वास्तविकतालाई पात्रका क्रियाकलापका साथमा बाहिर अवतरण गराउने काम मनोविज्ञानले गर्दछ । मनोविज्ञानको प्रकृतिलाई बुझ्केको लेखकले व्यक्तिभित्रका यथार्थलाई सतहमा ल्याउन सक्दछ । कथाकार शालिकराम पाण्डेका धेरैजसो कथामा मानिसको मनभित्रका संवेग, खुल्दुली, चिन्ता, पश्चाताप र बेचैनीलाई स्वाभाविक रूपमा विश्लेषण गरिएको पाइन्छ । यस कथासङ्ग्रहका कथामा मनोविज्ञानको विशिष्ट अवस्था देख्न सकिन्छ । मानिसको मनोदशालाई चिरफार गर्ने क्रममा यहाँ उपस्थित गराइएका पात्रहरूमा असामान्य मनोदशाका साथै यौनिक मनोविज्ञान सबल बनेर आएको पाइन्छ । मनोविज्ञानका निम्न लिखित सूचकका आधारमा कथासङ्ग्रहभित्रका पात्रहरूको मानसिकताको अध्ययन गरिएको छ ।

***असामान्य मनको विश्लेषण***

प्रस्तुत कथासङ्ग्रहभित्र असामान्य मनोविज्ञानको प्रभाव सघन रूपमा आएको पाइन्छ । मानिसको बोली र व्यवहारमा सहज अवस्थाबाट टाढा गई असहज र अस्वाभाविक अवस्था देखापर्दा यस प्रकारको व्यवहार देखिन्छ । यस कथासङ्ग्रहको 'सुब्बा र सपना' शीर्षकको कथामा सुब्बाको मानसिक अवस्थालाई सूक्ष्म रूपमा विश्लेषण गरिएको छ । आफ्नो सानो गल्तीले सेवाग्राहीप्रति मानिस कतिसम्म आशङ्कित हुन्छ भन्ने कुराको दृष्टान्त यहाँ पाउन सकिन्छ । कर्मचारीहरूको मानसिक दशा र राम्रा र तरुणी महिलालाई काममा झुलाएर मानसिक सन्तुष्टि लिन इच्छुक प्रवृत्तिलाई यहाँ सूक्ष्म रूपमा अध्ययन गरिएको छ । त्यस्ता सेवाग्राहीहरूका छायाले सपनामा समेत पछ्याएर आउने कुराको झलक यहाँ पाइन्छ । सुब्बाको अचेतनमा छिपेर रहेको असामान्य मानसिक दशालाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> दिउसोको त्यो आइमाई उसको घरमै आई । सुब्बा अचम्म परे । आइमाईले सुब्बालाई मुसारी । सुब्बाले पनि त्यसै गरे । सुब्बाको हात बलिरहेको बत्तीको स्वीचमा पुग्यो । अँध्यारोभित्र दुवैले लामो सास फेरे । सुब्बाले आइमाईलाई अँगालोमा कसे । दुवै आनन्दको अन्तिम किनारामा पुगे । सुब्बालाई जीवनमा फेरि वसन्त छाएजस्तो लाग्यो (पृ.११) ।

'नेपथ्य' शीर्षकको कथाकी प्रमुख पात्र सानीभित्रको बेचैनी र अधीर  मानसिक दशाको सूक्ष्म चित्रण यहाँ पाउन सकिन्छ । सानीको अचेतनले सिपाइहरूका भीडमा खोजिरहेको आफ्नो लोग्नेको अनुहारको बिम्बको यथार्थ अवस्थालाई हेदा यहाँ असामान्य मनोविज्ञान मुखरित भएको पाइन्छ । सशस्त्र द्वन्द्वको प्रभावले छाडेका घाउहरूको अवशेषको चित्रण पनि यहाँ पाउन सकिन्छ । सानीको मानसिक जिजीविषा र ऊभित्र सल्बलाएको मनोद्वन्द्वलाई यहाँ विश्लेषण गरिएको छ । 'मोफसल' शीर्षकको कथामा मानिसको दम्भपूर्ण मानसिकता र अहंलाई झल्काइएको छ । यस कथाको प्रमुख पात्र विगुलले आफ्नो रवैया जुन रूपमा देखाएको छ, त्यसका माध्यमबाट बहिर्मुखी चरित्रका मानिसको यथार्थ चित्र उद्घाटन भएर आएको पाइन्छ । ऊभित्रको असामान्य मनोदशालाई यसरी प्रस्तुत भएको छ :

> के गर्ने पेट पाल्नै पऱ्यो । जे गर्दा पैसा आउँछ त्यो गर्नै पऱ्यो । म आखिर चोर्न त गएको छैन नि । यो दुई नंबरी धन्दा पनि होइन । कार्यक्रम गर्न आउने एनजिओहरूलाई सघाउने काम मात्र त हो । सहयोग गरेबापत् उनीहरूले दिने बक्सिस् के नराम्रो हो र ! कुरा काट्नेहरू को हुन् भन्ने पनि थाहा छ । आफ्नो भाग खोसियो भनेर रिसाउनुको कुनै तुक हुन्छ ?'

यहाँ कथाको प्रमुख पात्र विगुलभित्रको अचेतन मनमा छिपेर रहेको यथार्थ अभिव्यक्ति मुखरित भएको पाइन्छ । पत्रकारिताका आवरणमा पैसा कमाउनका लागि उसले गरेको अदृश्य कर्म अनि ऊभित्रको मानसिक शंका र विरोधीहरूप्रतिको ईर्ष्या यहाँ अभिव्यक्त भएको देख्न सकिन्छ । मानिसभित्रको दम्भ र अभिमानको झलक पनि यहाँ पाइन्छ ।

### *नारी मनको विश्लेषण*

यस कथासङ्ग्रका धेरैजसो कथामा महिलाहरूको समस्या र अवस्थालाई उजागर गर्ने क्रममा नारी अहं र एषणाको प्रस्तुति पनि जीवन्त रूपमा भएको पाइन्छ । महिलालाई हेर्ने पुरुषका कामुक आँखा अनि उनीहरूले देखाउने प्रलोभन र त्यसले बढाएको भाउलाई पनि मासिक विश्लेषण गरिएको छ । यस क्रममा नारीभित्रका आग्रह र अहंलाई सूक्ष्म रूपमा विश्लेषण गरिएको छ । 'प्रकारान्तर' कथामा नारीमनोविज्ञान तथा यौनिक यथार्थलाई प्रकाश पारिएको छ । एउटै घरमा डेरा गरी बस्ने बैंकको कर्मचारीसँग प्रेममा फसेकी सचिनाको वास्तविक मानसिक दशालाई यहाँ चित्रण गरिएको छ । समाजिक सञ्जालका माध्यमबाट समाजमा भित्रिएको विकृतिलाई पनि यहाँ उद्घाटन गरिएको छ । 'फोन र मोबाइल म्यासेज यौन तृष्णा मेट्ने एउटा आधार बन्न थाल्यो । शब्दहरू अश्लील र छाडा बन्दै गए पनि त्यही प्रिय हुन थाल्यो' (पृ. २७) । सचिनाको आत्मस्वीकृतिका आधारमा उसको यौनप्रतिको मान्यताका साथमा नारी मानसिकताको यथार्थ पनि झल्किएको पाइन्छ । उसको मानसिक द्विविधा र दुई लोग्नेकी श्रीमतीको भूमिकामा रहनुको मनोद्वन्द्व पनि यहाँ प्रतिबिम्बित भएको छ :

> 'त्यसबेला सायद म विरोधाभासपूर्ण जीवन बाँचिरहेकी थिएँ दुईटा लोग्नेको श्रीमती बनेर । दुवै फोनमा भेट हुने । सम्बन्धमा एउटा औपचारिक र अर्को अनौपचारिक । एउटासँग घरव्यवहारको लामो गन्थन र अर्कोसँग यौनका रङ्गीन र हार्दिक संवादहरू । कहिलेकाँही हामी हाम्रो सम्बन्धको विश्लेषण गर्थ्यौं । यसको उपलब्धी के हुने ? कहाँ पुगेर टुङ्गिने ?' (पृ.२७) ।

जीवनमा आउने विभिन्न मोडहरूले व्यक्तिको मनमा पार्ने प्रभावको सजीव चित्र यहाँ उतारिएको पाइन्छ । एउटासँग पारिवारिक औपचारिकता अनि अर्कोसँग रंगीन सपनाका महल सजाउने नारीको दोहोरो चरित्र र मानसिकताको उद्घाटन यहाँ भएको छ । सचिताको अचेतनमा खेलेको एक नारीको मानसिक दशा र संवेगको यथार्थ प्रस्तुति यहाँ पाइन्छ ।

'सिरुबारी, कविता र डायरी' शीर्षकको कथामा नारी मनोविज्ञान प्रतिबिम्बित भएको छ । पाल्पातिर घर भएकी कविता नामकी पात्रको डायरीका पानाबाट उक्त नारीभित्रको मनोदशा अनि स्वप्निल कल्पनाको चित्रण भएको छ । महिलाको सौन्दर्य, जागिरे जीवन, पुरुष कर्मचारीहरूबाट हुने फरक लिङ्गी व्यवहार, पुरुषहरूभित्र रहेको यौनको प्यासलाई बुझ्ने चेतना, उपहार तथा कोसेलीद्वारा आकर्षित गर्न खोज्ने मानसिकताका साथमा नारी मनोविज्ञान उद्घाटन भएको पाइन्छ । नारीभित्रको संवेगात्मक अवस्थाका साथै कुनै सुन्दर पुरुषलाई आफ्नो बनाउन चाहने भावनाको प्रस्तुति पनि यहाँ पाइन्छ । एक यौवना नारीको मनोविज्ञान यहाँ सजीव रूपमा प्रस्तुत भएको छ । यहाँ कविताभित्रको नारी मनोविज्ञान यसरी व्यक्त भएको छ :

'बैसालु उमेरमा थिएँ । सबैका आँखा लाग्ने । सबैले हेरेको राम्रै लाग्थ्यो । अफिस गएपछि सुतेका अजिङ्गर उठेझैं गर्थे पुरुष सहकर्मीहरू । पानी नपरेर मुर्झाएका मकैका बोट पानीपरेपछि एक्कासी ब्युतिएझैं गर्थे हाकिमहरू । मेरो उपस्थितिले अफिस नै जागृत हुने' (पृ.८२) ।

प्रस्तुत कथाकी प्रमुख पात्र कविता शर्माको यौनप्रतिको आफ्नै मान्यता रहेको छ । आफ्नो रूप र यौवनप्रति गर्व गर्ने अनि पुरुषका नेत्रहरूलाई आकर्षित गर्दाको आनन्द अनुभूतिका साथमा बैंसालु नारीको मनोदशाको सजीव चित्र उतारिएको छ । यस क्रममा नारी मनोविज्ञान सघन रूपमा मुखरित भएको पाइन्छ ।

### *वृद्धावस्थाको मनोविश्लेषण*

यस कथासङ्ग्रहभित्रका केही कथामा बृद्धावस्थाको मनोदशालाई चित्रण गरिएको पाइन्छ । उमेर अवस्थासँगै निम्तिएका प्रतिकूल परिस्थिति अनि आफ्नै सन्ततिबाट हुने अपहेलनाका कारण सहनुपर्ने मानसिक पीडाको अवस्थालाई यहाँ चित्रण गरिएको छ । 'खण्डहर डुङ्गा र बुढो माझी' शीर्षकको कथामा वृद्धावस्थाको

मनोदशालाई चित्रण गरिएको छ । बुढो माझीको जीर्णशीर्ण अवस्था अनि उसको निराश मनोदशालाई यसरी प्रस्तुत गरिएको छ :

'कति मान्छेहरू नदी तरेर पारीका पारी पुगे । कहिल्यै नफर्कने गरेर पारी गए । बुढो माझी यहीँको यहीँ छ । जीवनको अभिन्न अङ्ग बनेको यो डुङ्गा आज यसरी बालुवामा फालिएको छ । त्यो पनि अब कहिल्यै काम नलाग्ने गरेर । बुढो माझीलाई आज आफू पनि त्यही डुङ्गा जस्तै भएको अनुभव भयो । अब कसैको लागि रहें र ? हिजो सबैका लागि माझीको खाँचो थियो । परिवार, समुदाय र पराई । आज कसैका लागि छैन' (पृ. ३६) ।

उमेर अवस्था गुज्रिएपछि सबैको हेला रहाँसोको पात्र बन्नुपर्ने नियतिबोध बुढो माझीमा भएको छ । एउटा बृद्धको मनोदशालाई यहाँ प्रतिबिम्बित गरिएको छ । उसको जीवनका अतीतका स्मृतिबिम्बको झलकद्वारा अचेतनको विश्लेषण यसरी गरिएको पाइन्छ :

'बुढो माझी लजायो । चालीस वर्ष अगाडिको कुरा । पिपलटारकी केटी घाँस काट्न यदाकदा नदीको किनारमा आउँथी । मसँग बोल्न खोज्थी र लजाएर भाग्थी । वारिबाट पारि हेराहेर हुन्थ्यो , हिउँदको दिन थियो । ऊ नजिकै आई र मसँग माया बसेको कुरा गरी । मलाई पनि त्यस्तै भएको थियो । उसलाई काखमा लिएर त्यहीँनेरको ढुङ्गाको कापमा धेरैबेर बसिरह्यौँ (पृ. ३७) ।

बुढो माझीको मानसिक अवस्थाको विश्लेषणका साथमा विकास र निर्माणले जीवन सहज भए पनि माझीको पेसा खोसिन पुगेको यथार्थ अवस्थालाई पनि कथामा उल्लेख गरिएको छ । जीर्ण तन र विदीर्ण मनको यथार्थ तस्बिर यहाँ उतारिएको छ ।

'खुसीको खोजी' यस सङ्ग्रहको शीर्षक कथा हो । सङ्ग्रहकै शीर्षकका रूपमा यही कथालाई चयन गरिएको छ । बुढ्यौली मनोविज्ञानको सजीव चित्र यहाँ उतारिएको छ । श्रीमतीको अवसानपछि घरमा छोरा-बुहारी, नाति-नातिनी भए पनि जेलरूपी कोठामा एक्लै जीवन बिताउनुपरेको एउटा वृद्धको मानसिक दशा, खिन्नता र बेचैनीलाई यहाँ प्रस्तुत गरिएको छ । घरको अवस्थाका बारेमा म पात्रले अनुभूति गरेको तितो यथार्थलाई यहाँ प्रस्तुत गरिएको छ :

आँगनमा फुलेको सतबरीको फूल टिप्दै गर्दा घरको कौसीबाट तिखो स्वरमा बुहारीले छेउछाउका साना फूल टिप्न आदेश दिई आदेश सुनेको मेरो मन ग्लानिले गलित भयो । टिपेका फूलहरू हातबाट भुइँमा खसे । फूलसँगै आँखाबाट आँसु खसे । बुढो मन केटाकेटीको जस्तै हुनेरहेछ । सानो कुरा पनि पचाउन नसक्ने । खसेको आँसु देब्रे हातको बाहुलीले पछैं । कौसीमा उँभिएकी बुहारीको रौद्र रूप हेर्ने र जवाफ फर्काउने आँट भएन (पृ. ६४) ।

आफ्नै सन्तानबाट हेला र तिरस्कारको भाषा सुन्नुपर्दा अनि तितो व्यवहार भोग्नुपर्दाको खिन्न मानसिकताको चित्रण यहाँ भएको छ । मनमा गहिरो चोट पर्न गएको छ । मानिसको मन भाँचिएपछि हुने विरक्तिको अवस्थालाई यहाँ चित्रण गरिएको छ । 'पारिवारिक सम्बन्ध औपचारिकतामा झरेको थियो । कपडा च्यातिए सिलाउन सकिएला तर मन च्यातियो भने त्यो टालिन गाह्रो हुनेरहेछ । च्यातिएको मनमा टालो लगाउन म मन्दिर जान्थैँ' (पृ. ६७) । म पात्रले भोगेको कारुणिक अवस्थाको चित्रण यहाँ पाइन्छ । वास्तवमा मन नै फाटेपछि सबै आधार गुम्न पुग्छ । आफ्नै सन्तानबाट अपहेलित हुनुपर्दाको पीडा यहाँ व्यक्त भएको छ । मानिससँगै उसका एषणाहरू जागृत हुन्छन् भन्ने कुरालाई यहाँ उल्लेख गरिएको छ । 'तिर्खाले पानी खोज्छ । भोकले भोजन खोज्छ । थकाइले आराम खोज्छ । स्फुर्तिले काम खोज्छ । पानीले बाटो खोज्छ । यौवनले सौन्दर्य

र सम्भोग खोज्छ । आश्रयविहीनहरू आश्रय खोज्दारहेछन्' (पृ. ६८) । म पात्रको भोगाइ र अनुभूतिका साथमा वृद्धावस्थाको यथार्थलाई यहाँ झल्काइएको छ । मानवीय जिजीविषा र उत्कण्ठाहरू मनका उपज हुन् । मन पुलकित हुँदा जीवनका सबै कुराहरू अनुकूल देखिन्छन् । मन खिन्न र प्रतिकूल हुँदा जस्तोसुकै आनन्द पनि बेक्कारको लाग्छ भन्ने मर्म यहाँ प्रतिबिम्बित भएको छ । मनको स्वतन्त्रताको महिमालाई पनि यहाँ झल्काइएको छ ।

'जिजीविषा' कथाको प्रमुख पात्र कृष्ण सर रहेको छ । उमेरले चौरासी वर्षको कृष्ण बृद्ध र जीर्ण शरीर भएर पनि मनबाट त्यस्ता विचारहरू त्याग्न पुग्छ । उमेरले डाँडो काटेपछि बृद्धहरूलाई गरिने व्यवहारको यथार्थ अवस्थालाई कृष्ण सरको अनुभूतिका पृष्ठभूमिमा प्रकाश पार्ने काम यहाँ गरिएको छ ।

> तर अहिले म मेरो समाजका लागि जोत्दाजोत्दा बुढो भएको गोरुजस्तो भएको छु । फाली हराएको हलो जस्तो भएको छु । म अहिले समाजको लागि म्युजियममा राख्ने सामग्री जस्तो भएको छु । मसँग न वर्तमान छ न भविष्य छ । छ त केवल विगत मात्र । म अब केवल कथा मात्र बाँचेको छु' (पृ. ७२)

मानिसको काम नै प्यारो हुन्छ भन्ने यथार्थको प्रस्तुति यहाँ पाउन सकिन्छ । मानिसको सूक्ष्म मनस्थितिको सजीव चित्रका साथमा जीवनको मार्मिक यथार्थ यहाँ प्रस्तुत भएको छ । 'बूढो हुनु विगत मात्र होइन, वर्तमान पनि हो । मसँग अनुभवले खारिएको ज्ञान र सीप छ । म त्यो यो समाजका लागि पोख्न चाहन्छु । म समाजका लागि अझै निख्रन चाहन्छु । यही समाजमा कमाएका अनुभवहरू यही समाजलाई उपहार दिन चाहन्छु (पृ. ७३) । बृद्ध मानिसका मनभित्र खेल्ने मानसिक खुल्दुली र भावनाको विश्लेषण यहाँ भएको छ । मानिसका मानसिक तन्द्राको प्रस्तुति यस पनि कथामा सजीव रूपमा आएको पाइन्छ । स्वप्निल बिम्बका साथमा मानिसको तन बुढो भए पनि मन बुढो हुँदैन भन्ने विचार यहाँ प्रवाहित भएर आएको छ ।

### *अभिघात मनोविज्ञान*

यस कथासङ्ग्रहमा मानसिक दशाको चिरफार गर्नुका साथै कुनै घटना र बोलीका प्रहारले मानिसमा पर्न जाने मानसिक चोटलाई पनि सजीव रूपमा उतारिएको छ । कुनै घटना प्रसङ्गले व्यक्तिका मानसिकतामा ठूलो चोट पर्न जाँदा अभिघात मनोविज्ञानको अवस्था सिर्जना हुन्छ । घृणाको मानसिकताले पनि कुनै व्यक्तिप्रतिको आस्था र विश्वास टुट्न जान्छ भन्ने कुराको सङ्केत यहाँ पाउन सकिन्छ । 'टायरको धुवाँ' कथाको प्रमुख पात्र प्रमोदको मानसिकतालाई हेर्दा अभिघात मनोविज्ञान सघन बनेर आएको देख्न सकिन्छ

> उसले एक सासमै भनेका कुराहरू मलाई आँधीहुरी जस्तै लागे । टायरको धुवाँको मुस्लो शरीरभरि फैलिएजस्तो अँध्यारो भयो । भन्न रिङ्गटा लाग्यो । केहीबेर पछि मैले उपेक्षाका आँखाहरूले अस्पताललाई एक नजर लगाएँ । मन्त्री सागर डाक्टर सूचनाको अनुहार फेरि एकपटक मेरो आँखा वरिपरि नाचे । म मूल्यहीन थोत्रो टायर जस्तो ! लाग्यो, मलाई टायर बनाएर तिनीहरूले आफ्नो स्वार्थको आगोमा पोलिरहेका छन्' (पृ. ३४) ।

'मृगतृष्णा' शीर्षकको कथामा समिना र रेशम सर प्रमुख पात्रका रूपमा आएको पाइन्छ । यहाँ रोमान्टिक सन्दर्भहरूका साथमा मनोविज्ञान पनि सघन बनेर आएको देख्न सकिन्छ । समिनाको जीवनका विभिन्न मोडहरूको प्रस्तुतिका साथै म पात्र वा रमेश सरभित्रको समिनाप्रतिको अनुराग पनि यहाँ मुखरित भएको छ । विभिन्न प्रहारबाट हन्डर खाएकी समिना विक्षिप्त जस्तै बनेको अवस्थाको चित्रण यसरी गरिएको छ :

> ‘समिना यसपछि अफिस आए पनि ढिलो आउने, काम नगर्ने, कम बोल्ने र टोलाएर बस्ने गर्न थाली । मैले उसलाई केही नराम्रो नबोल्न अरु स्टाफहरूलाई सतर्क गराएँ । उसलाई सहयोग गर्न सबै कर्मचारीहरूलाई निर्देशन गरेँ । ऊ पुरुषहरूसँग नबोल्ने भई । मसँग पनि बोल्न छाडी । उसको उपचारका लागि मैले मनोचिकित्सकहरूसँग परामर्श गरेँ । उनीहरूले यो त्यति ठुलो ट्रमा नभएकाले डराइहाल्न नपर्ने बताए । बरु कनै रमाइला ठाउँहरू घुमाउन लैजाने सुझव दिए । मैले उसलाई विश्वका जुनसुकै रमाइला ठाउँहरू घुमाउन लैजान सक्थेँ । तर ऊ मानसिक रूपमा त्यसका लागि तयार देखिइन (पृ.४४) ।

यहाँ समिनाभित्रको घृणामनोविज्ञानका साथै रेशमको समिनाप्रतिको चासो र लगाव व्यक्त भएको छ । तेस्रो लोग्नेसँग भएको अप्रत्याशित घटनाले समिनाभित्रको नारी अहंमा ठेस लागेको छ । ऊ एकप्रकारले अभिघातित बन्न पुगेकी छ । ऊ पुरुषहरूसँग संवाद गर्ने मानसिकतामा नदेखिनुले पुरुषप्रति जागेको घृणाभाव प्रबल भएर आएको पाइन्छ । यहाँ अभिघातको मानसिक अवस्था तड्कारो रूपमा प्रस्तुत भएको छ । ‘भँगालो’ शीर्षकको कथामा दाम्पत्य जीवनमा हुने आशङ्का अनि अविश्वासले गर्दा निम्त्याउने समस्यालाई चित्रण गरिएको छ । हरिराम र कमलाका बीचमा बढेको चिसो सम्बन्ध अनि बस्याल सरसँगको कमलाको सामीप्यताले निम्त्याएको आशङ्कालाई स्वाभाविक रूपमा प्रस्तुत गरिएको छ । एउटाका व्यवहारले अर्कोलाई पीडा दिने काम यहाँ भएको देख्न सकिन्छ । यहाँ सूक्ष्म रूपमा हरिराम र कमला मानसिक रूपमा प्रताडित भएको देखाइएको छ । ‘त्यसपछि त्यहाँ घटेको अप्रिय घटनाले यी दम्पतीको जीवनमा ठूलो परिवर्तन ल्याइदियो । उसले त्यो दिन बस्याल सरसँगको सम्बन्ध बताउन स्वास्नीलाई आग्रह गरेको थियो । स्वास्नी आगो भई । ऊ पनि आगो भयो । दुई आगोको बीचमा सम्बन्धका हाँगाबिँगा मात्र होइन जरासमेत जल्न थाले’ (पृ. ५४) । दाम्पत्य जीवनमा आएको चिसो सम्बन्धले हरिरामलाई हैरान बनाएको अवस्थाको चित्रण यहाँ भएको छ । दाम्पत्य जीवनमा समस्या आउँदा मानिस आगो हुन पुग्छ । मानसिक रूपमा एउटाले अर्कोलाई शङ्काका दृष्टिले हेर्न पुग्ने यथार्थको प्रस्तुतिका साथमा अभिघातको अनुकूल अवस्था यहाँ व्यक्त भएको पाइन्छ ।

***अपराध मनोविज्ञान***

प्रस्तुत कथासङ्ग्रहमा अपराधग्रस्त मनोविज्ञानका झलकहरू पनि प्रस्तुत भएको पाइन्छ । ‘मरेपछि मीनेले जार काट्यो’ शीर्षकको कथामा अपराध मनोविज्ञान प्रभावशाली बनेर आएको पाइन्छ ।  शङ्काले भयको सिर्जा गर्छ । भयले मानसिक विक्षिप्ति निम्त्याउँछ र मानिसको मृत्युसम्म हुनपुग्छ भन्ने मर्म यहाँ प्रस्तुत भएको छ । यस कथामा अचेतनमा अङ्कुरण भएको प्रेमिल मानसिकताको उद्घाटन भएको पाइन्छ । ‘साँझबिहान जतातत्तै भेट भइने । मन नजिक हुन थाल्यो । नजिक हुँदै गरेको मनले तनलाई पनि जिस्क्याउन थाल्यो । मिल्दै गरेको मनले नैतिकतालाई ओझेलमा पाऱ्यो । एककोहोरो मन त्यतै गइरहने । शहर बजार जाँदा केही न केही किनेर ल्याइदिन मन लाग्ने । बाहिर कतै गयो कि याद आइरहने (पृ. ७७) । विपनाको शङ्काले सपनामा झस्काउने यथार्थलाई प्रस्तुत गर्दा मानसिक विश्लेषण भएको पाइन्छ । अपराधग्रस्त घटना र मनोदशालाई यहाँ प्रस्तुत गरिएको छ । ‘क्यानभासको कालो धर्सो’ कथामा अपराधको मनोविज्ञानको अवस्था चित्रण भएको कुरा यसरी व्यक्त भएको छ :

> ‘मैले त्यो जादु, त्यो सन्तुष्टि कुनै पनि कुरामा साट्न सक्दिनथेँ । चित्रलाई चित्रकै रूपमा राख्न मन लाग्यो । उसलाई पेट दुख्ने व्यथा थियो । एक दिन मैले डाक्टरको क्लिनिकमा लिएर गएँ । लाग्न त लाग्यो अपराध गर्दै छु । अपराधको प्रारम्भ भयो । सुनितालाई ल्याप्रोस्कोपी गराएँ । ऊ सदाबहार मेरो सन्तुष्टिको भाँडो बनेर वर्षौं बसी । कालो धर्सोलाई अनेकन कलात्मक रूपहरूमा रूपान्तरित गरिरहेँ’ (पृ.१०७) ।

यहाँ म पात्रको आत्मस्वीकृतिका साथमा अपराधग्रस्त मानसिकता झल्किएको पाइन्छ । मानिस आफूले गरेको कुकर्मलाई आफैले ओकल्न पुग्छ भन्ने कुरा यहाँ प्रस्ट भएको छ ।

***यौन मनोविज्ञान***

यस कथासङ्ग्रहमा यौन मनोविज्ञान सशक्त रूपमा आएको पाइन्छ । विभिन्न बिम्ब र प्रतीकको उपयोग गरी यौनिक विषयलाई उठान गरिएको छ । फ्रायडले केही त्यस्ता यौन सम्बन्धी प्रतीकहरूको उल्लेख गरेका छन्, जो उनको मान्यतामा विश्वव्यापी छन् । उनका अनुसार अचेतनका दमित इच्छा यौनसम्बन्धी नै हुन्छन् ( गौतम, २०५० : पृ.१०१) ।  कथाकार शालिकराम पाण्डेको कथा लेखनको सशक्त पक्ष यौनेषणाको प्रस्तुति रहेको देख्न सकिन्छ । यहाँ पनि केही यौनिक प्रतीकहरूको प्रयोग सबल रूपमा भएको देख्न सकिन्छ । यहाँका केही पात्रहरू यौनका विषयमा निर्धक्क रूपमा बोल्छन् व्यवहार गर्दछन् र मानसिक तुष्टि लिन्छन् । यौनको मर्यादाका कुरामा पनि सचेत देखिन्छन् । यसको उदाहरणका लागि कविताको निम्नलिखित कथनलाई साक्ष्यका रूपमा हेर्न सकिन्छ :

> ‘म मान्छु, यौन प्राकृतिक विषय हो । यो जैविक विषय हो । यो खाना जस्तै आवश्यक कुरा पनि हो । तर यति हुँदाहुँदै यो सामाजिक विषय पनि हो । मान्छे पशु पनि त होइन । मान्छे विशिष्ट प्राणी हो । पारिवारिक, सामाजिक र सांस्कृतिक विशिष्टताले मान्छेलाई एउटा सीमाभित्र राखेको छ । त्यो सीमाको उलङ्घनले मान्छेलाई अराजक बनाउँछ । अशिष्ट र असभ्य बनाउँछ । भोक लाग्यो भन्दैमा जहाँ पनि र जे पनि कसरी खान सकिन्छ ? त्यही भएर यौनका पनि आफ्ना सीमा र मर्यादाहरू छन् । (पृ. ८४)

कविता एक सचेत नारी हो । मानिस र पशुका बीचमा रहेको भिन्नता बोध उसमा छ । भित्र सल्बलाएका एषणाहरूलाई कस्तो ठाउँमा प्रकट गर्ने भन्ने कुरामा ऊ सचेत रहेको पाइन्छ ।

‘पात्र चर्चा’ शीर्षकको कथामा पूर्व लेखकीय प्रसङ्गलाई साथमा राखेर मानसिक विश्लेषण गरिएको पाइन्छ । यस कथामा यौन मनोविज्ञान सबल बनेर आएको देख्न सकिन्छ । फरक प्रकृति र रुचिका पात्रको उपस्थिति गराई तिनीहरूका मनोदशाको विश्लेषण गर्ने काम पनि यहाँ गरिएको छ । सीता पाण्डेद्वारा लिखित ‘ज्वरो’ कथाका चरित्रको विश्लेषण स्वयं सीता पाण्डेद्वारा गराइएको र उक्त पात्र सुचिता नै रहेको सन्दर्भका साथमा पात्रभित्र अव्यक्त रूपमा रहेको मनोदशालाई स्वाभाविक रूपमा उद्घाटन गराइएको छ । पात्रभित्रको मानसिक व्यग्रतालाई यसरी प्रस्तुत गरिएको छ :

> ‘दिदी ! तिमी पोखरा गएको दिन अघिल्लो शनिबार क्या, त्यो प्रोफेसर आउँछ कि भनेर बिहानै उठेँ । कोठा सफा गरेँ । चिटिक्क भएर बसेँ । बाहिर निस्कन मन लागेन । खाना बनाऊँ कि नबनाऊँ भयो । खाना यतै खाने भनेदेखि पकाउनु पर्ला । यस्तै सोंचेर प्रतीक्षामा बसेँ । कपडा धुनु पर्ने । भो धुँदाधुँदै आए भने अप्ठ्यारो हुन्छ । झ्यालबाट बाहिर हेरेँ । फेरि आएर ओछ्यानमा पल्टेँ । सुत्दासुत्दै आए भने । फेरि जुरुक्क उठेँ । ओठमा लत्पतिएको लिपिस्टिक मिलाएँ । छड्के परेको टिकी सोझ्याएँ । आठ बज्यो । दश बज्यो । बाह्र बज्यो । भोकले टाउको दुख्न थाल्यो । उनी आउने बाटोतिर दौडुँ जस्तो लाग्यो । तर उठ्न सकिन । घडीले चार बजायो बल्लबल्ल झ्यालसम्म पुगेँ अहँ । पापी आएन । (पृ. ९२)

यौनिक मानसिकताको जीवन्त चित्र यहाँ उतारिएको छ । अचेतनमा रहेको यौनचाहनाको व्यग्र प्रस्तुति यहाँ देख्न सकिन्छ । प्रोफेरप्रतिको आकर्षणका कारण उसको व्यग्र प्रतीक्षा गरिएको छ । सुचिताका मनभित्रको खुल्दुलीका साथै जीवनमा आइलाग्ने अप्रत्याशित मोडहरूको प्रस्तुति पनि यहाँ पाइन्छ । नारीभित्रको एषणाका साथमा यौनचेतनाको जीवन्त प्रस्तुति यहाँ अभिव्यक्त भएको छ ।

‘बोके’ शीर्षकको कथामा प्रकृतवादी यथार्थवाद मुखरित देखिन्छ । कान्छी, रमिला र सुरेन्द्रे यस कथाका पात्र रहेका छन् । कथामा यौन मनोविज्ञान प्रबल बनेर आएको छ । बोके, निउरोको कालो ठोसा यौनिक बिम्बका रूपमा आएको पाइन्छ । आर्यन बोको र मंगोलियन बोकोको सन्दर्भबाट जातीय पृष्ठभूमिमा यौनचेतनाको प्रस्तुति भएको पाइन्छ । कथा पढ्दै जाँदा केही अश्लीलताको अनुभूति पनि पाठकले गर्दछ :

> ‘उसले दाहिने हातले मुन्ट्याएको निगुरो कालो र मोटो थियो । तन्काएको रबरझैँ टनक्क टन्किएको । झुस् भरिएको । माथि टुप्पोमा गाँठो परेको । मलमा परेको मकैजस्तो हुलुक्क बढेको । भर्खर पखालेको चिसो टुप्पो ।’ ‘रमिला ! हामी निगुरो खोज्न वनपाखा कति हिँड्यौँ तर त्यो भन्दा अघि मैले त्यत्रो निगुरो देखेकै थिइन । एउटै निगुरो एक छाक हुने । सुरेन्द्रले मलाई निगुरो समात्न लगायो र खोल्साहुँदो निगुरो खोज्न थाल्यो । फेरि मलाई टपक्क समात्यो । अरूले देख्छन् निगुरो लुकाऊ भन्यो । म मदहोस् थिएँ । उसले निगुरो झिक्ने र लुकाउने गरिरह्यो (पृ. ९९) ।

यहाँ निगुरो पुरुष लिङ्गको प्रतीकका रूपमा आएको छ । यौनको प्रत्यक्ष अभिव्यक्ति भन्दा बिम्ब र प्रतीकको प्रयोगद्वारा मर्मलाई गहिराइमा पुऱ्याइएको छ । यहाँ कान्छीले सुरेन्द्रेसँगको यौनिक प्रसङ्गलाई व्यक्त गरेकी छ । प्रस्तुत कथामा यौनमनोविज्ञान सशक्त रूपमा प्रस्तुत भएर आएको छ । यौनको सम्भोगावस्थाको झलक पनि यहाँ प्रस्तुत गरिएको छ ।

‘क्यानभासको कालो धर्सो’ कथामा मनोविज्ञानका विविध सन्दर्भहरू उद्घाटित भएको पाइन्छ । वकिल पात्र प्रवेश र उसका दुईवटी श्रीमती सुनिता र माया यस कथाका पात्रहरू रहेका छन् । सुनितालाई बाँझी बनाएर यौनको तृप्ति लिनु अनि मायाबाट सन्तान प्राप्तिको चाहना पूरा गर्नुले उसका कारण दुवै श्रीमती विक्षिप्त बन्न पुगेको अवस्थाको चित्रण यहाँ पाइन्छ । अचेतनको उद्घाटनका साथै अपराध मनोविज्ञान पनि यहाँ पाउन सकिन्छ । नारी सौन्दर्यको दोहन गर्ने वकिल पात्रको आत्मस्वीकृति यस्तो रहेको छ :

> ‘मलाई मायाले सन्तान र सुनिताले यौन सन्तुष्टि दिएकी थिई । मेरो अधिकांश रात सुनितासँग बित्थ्यो । मायासँग सन्तान उत्पादनका लागि मात्र सुतेँहोला । सुनिता कामकलामा निपूर्ण थिई । उसका अवयवहरू मेरै लागि बनाएजस्तो लाग्थ्यो । माथि पोटिलो तल कसिलो अङ्ग । सुनिता मेरो इच्छा बुझ्थी र जतिखेर पनि तयार हुन्थी । सुनिता मेरा लागि जेजे थिई, माया ठ्याक्क उल्टी थिई । फेरि ऊसँग सुतिदिनु भने पर्ने । सुनिता र मेरो सम्बन्धमा माया जहिले पनि आगो हुन थाली’ (पृ. १०६) ।

नारीलाई भोग्याका रूपमा लिने वकिलको वास्तविक मनोदशाको चित्रण यहाँ गरिएको छ । नारीभित्रको ईर्ष्यालु मनोविज्ञानको झलक पनि यहाँ पाउन सकिन्छ । प्रस्तुत कथामा कालो धर्सो बिम्बको प्रयोग भएको छ । यसले यौनिक सन्दर्भलाई उजागर गरेको छ । यौन एषणाको तृप्तिका लागि नारीलाई बाँझो बनाएर राख्ने पुरुष मानसिकताको यथार्थ उद्घाटन यहाँ गराइएको छ । शारीरिक यौनाङ्ग तथा यौन क्रियाको झलक पनि यहाँ प्रस्तुत गरिएको छ ।

> ‘सुनिता बिहे गरेर मेरो घरमा आई । एकदिन बत्तीको मधुरो उज्यालोमा हेर्दा सुनितासँग पनि कालो धर्सो थियो । ठ्याक्कै पहिले देखेजस्तो । तर त्यहाँ बादल मडारिएर बिजुली चम्केन । चिटिक्क परेको खाम्न सकिने क्यानभासको बिचमा थियो त्यो कालो धर्सो । कुनै कलाकारले लगेर थपक्क राखेजस्तो । ....धपधप बलेको सजीव चित्र बनेर सुनिता मेरो जीवनमा छाइरही । धर्साहरू सबैका उस्तै थिए तर सुनितासँग जादु थियो । कला थियो । चित्रहरू त सबैका हुन्छन् तर सुनितासँग त विचित्र थियो’ (पृ.१०७) ।

वकिल प्रवेशको चरित्र उपयोगितावादी देखिन्छ । नारीका अङ्ग अवयवसँग खेलेर सन्तुष्टि लिने तर उनीहरूप्रति जवाफदेही नबन्ने प्रकृतिको पात्रका रूपमा उपस्थित भएको छ । कालो धर्सो स्त्रीको यौनिक बिम्बका रूपमा आएको छ ।

'सम्बन्धका वक्र रेखाहरू' शीर्षकको कथामा मपात्र, ऋषि सर, भाउजू, कमला र सुमी रहेका छन् । ऋषि सर भाउजूको रखौटोजस्तै रहेको र पछि कमलासँग वैवाहिक जीवनमा बाँधिएको सन्दर्भसँग यहाँ मनोविज्ञानका साथमा यौनका सन्दर्भहरू उपस्थित भएको पाइन्छ । रिखिसरले बुढेसकालमा प्रवेश गरेको वैवाहिक जीवनको सन्दर्भका साथमा यौन चेतना झल्किन पुगेको छ । 'झन्डै पचार वर्ष नदीको उन्मत्त प्रवाहमा होमिएका रिखिसर अहिले पानीले पासेको ज्यान सुम्सुम्याउँदै होलान् । बगरले खोल्स्याएका घाउहरूमा मलम दल्दै होलान् । फेरि अर्को भँगालोमा पस्नका लागि तयारी गर्दै होलान्' (पृ.११४) । यहाँ रिसिसरप्रति सहानुभूति भाव प्रकट हुनुका साथै उसको भाउजूसँगको यौनसम्बन्धका साथै उत्तरार्द्धमा कमलासँग विवाह गरेको पृष्ठभूमिमा कथा अगाडि बढेकोले यहाँ मनोविज्ञानका साथमा यौन चेतना पनि सल्बलाएर आएको छ ।

सङ्ग्रहको अन्तिम क्रममा रहेको 'बोटे गाउँ र कालीको छाल' शीर्षकको कथामा बोटेहरूको अवस्थालाई झल्काउनुका साथै म पात्रका बाबुको कथाका साथमा म पात्रको यात्रा वर्णनको झल्को पनि यहाँ पाइन्छ । बा र मालतीको लसपसको सन्दर्भलाई उठाउने क्रममा यहाँ यौनिक पक्ष प्रतिबिम्बित भएको छ ।

> 'बाले मालतीको मुख हेरे । मालती दुईतीन जना आइमाईहरूको समूहमा निहुरो मुन्टो लगाएर बसेकी थिई । फेरि मुखियाको अनुहारमा हेरे । मुखिया जुँगामा ताउ लाउँदै थिए । एकपटक मालतीको बाबुतिर हेरे । उनी आँखामा आक्रोशको ज्वालामुखी निकाल्दै थिए । कचहरीमा आएका रमितेहरू चुपचाप बा र मालतीलाई नियनलिरहेका देखिन्थे । बाले फेरि एकपटक माथि आकाशतिर हेरे । सूर्य यात्राको उकालोमा थियो । 'मुखिया बा ! बुढेसकालमा कलिली केटीसँग मायाँप्रति बस्यो । नहुनु भयो । त्यो भुँडी मेरै हो । मालती मेरी हो । उसलाई म कान्छी बनाएर राख्छु' (पृ.११८) ।

प्रस्तुत कथामा स्थान र परिवेशको झलकका साथमा पात्रको मानसिक अवस्थालाई झल्काइएको पाइन्छ । ठाउँठाउँमा म पात्र र उसकी श्रीमती शोभाको प्रश्नोत्तरसँगै मानवीय प्रवृत्ति र प्रेमिल सन्दर्भ प्रस्तुत भएको पाइन्छ ।

शालिकराम पाण्डेको प्रस्तुत कथासङ्ग्रहमा मानवीय मनका विविध अवस्थाको चित्रण गरिएको छ । मानिसको उमेरगत मानसिक अवस्था र दशाको उद्घाटन यहाँ भएको पाइन्छ । अचेतन अवस्थाको प्रस्तुतिसँगै अचेतनले निम्त्याएको दुर्घटना र पीडाको अवस्था पनि कथामा आएको पाइन्छ । यस्तै नारी मनोविज्ञान, पुरुष मनोविज्ञानका साथै बृद्धावस्थाको विवशता र कुण्ठित मानसिक दशालाई पनि यहाँ प्रकाश पारिएको छ । अचेतनका ग्रन्थिमा विकास भएको अपराधग्रस्त मनोविज्ञानको अवस्था पनि यहाँ सजीव रूपमा प्रस्तुत भएको छ । मानवीय चरित्रका विभिन्न अवस्थाको प्रस्तुतिका साथमा स्वभाव र मान्यतालाई पनि भल्काइएको छ । यसै गरी यहाँ यौन मनोविज्ञानको प्रस्तुति पनि सशक्त बनेर आएको देख्न सकिन्छ । यौनलाई जीवनको अपरिहार्य आवश्यकता मान्ने केही पात्रहरू यौनका विषयमा खुलेर प्रस्तुत भएको अवस्था पनि यहाँ देख्न सकिन्छ । यौनको क्षुधा मेट्नका लागि बहुपति र बहुपत्नी वरण गर्ने प्रवृत्तिका पात्रहरू पनि यहाँ भेट्न सकिन्छ । बिम्ब प्रतीक र सङ्केतको प्रयोग पनि कथामा प्रशस्त पाउन सकिन्छ । केही बिम्ब र सन्दर्भहरूले श्लीलतालाई नाघेर अश्लीलतालाई पछ्याएको देख्न सकिन्छ । केही कथामा प्रकृतवादी यथार्थवाद पनि सघन रूपमा आएको देख्न

सकिन्छ । 'सिरुबारी, कविता र डायरी', 'बोके' र 'सम्बन्धका वक्र रेखाहरू' जस्ता कथामा नग्न प्रकृतिको झलक पाउन सकिन्छ ।

कथामा अवस्थाअनुसार प्रथम, द्वितीय र तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । धेरैजसो कथामा पात्रहरूको मनोदशा र आग्रहको अभिव्यक्ति प्रथम पुरुष शैलीमा व्यक्त भएको पाइन्छ । अझ स्पष्ट रूपमा भन्नुपर्दा जो पात्रहरू आफ्ना भित्री एषणाको उद्‌घाटन आफैले गरेका छन् । मनोविश्लेषणका क्रममा पात्रले आफै संवाद गर्दा ऊभित्रको वास्तविक आग्रह वा दुराग्रह अभिव्यक्त भएर आउँछ । यस कुरामा कथाकार पाण्डे सचेत रहेको पाइन्छ । यस सङ्ग्रहका कुल उन्नाईसवटा कथामा विविध प्रकृतिका पात्र र तिनको चरित्रको साक्षात्कार गर्न सकिन्छ । कुनै पात्रलाई स्वतन्त्र रूपमा बोल्न लगाएर भित्र जमेर रहेका ग्रन्थिहरूलाई सहज रूपमा अवतरण गराउने काम पनि यहाँ भएको छ । निबन्धभित्र कथाको स्वाद अनि कथाभित्र निबन्धको अनुभूति पाठकले गर्दछ । विभिन्न रुचि, उमेर अनि मान्यताका पात्रहरूलाई उपस्थित गराएर सामाजिक, सांस्कृतिक परिदृश्यलाई झल्काउने कुरामा पनि लेखकले ध्यान दिएको पाइन्छ । केही कथामा वर्तमान समाज स्खलनतर्फ गएको कुरा पनि साङ्केतिक रूपमा आएको देख्न सकिन्छ । कथामा पाठकलाई तानिरहन सक्ने सामर्थ्य पनि पाण्डेमा रहेको पाइन्छ ।

## निष्कर्ष

शालिकराम पाण्डे मोफसलमा बसेर नेपाली साहित्यको साधनामा क्रियाशील स्रष्टा हुन् । यिनका *सडक जीवन र साँझहरू* (२०६२), *खुसीको खोजि* (२०७८) कथासङ्ग्रह प्रकाशित छन् । यिनले बेलाबेलामा निबन्ध तथा विविध विषयका लेख रचनाहरू पनि लेखेको पाइन्छ । मूलतः आख्यानमा यिनको साधना उत्तरोत्तर अगाडि बढेको देखिन्छ । पात्रका मानसिकतालाई सूक्ष्म रूपमा केलाउने काम यिनले गरेका छन् । सामाजिक जिम्मेवारीमा रहँदै गर्दा साहित्यमा कलम चलेको हुनाले विविध विषयलाई उठाउने काम यिनले गरेका छन् । गैरसरकारी संस्थासँग आबद्ध रहेका पाण्डेको लेखनमा त्यस क्षेत्रको प्रभाव पनि रहेको पाइन्छ । मानवीय प्रवृत्तिलाई राम्ररी छामेर पात्रहरूका माध्यमद्वारा प्रकाशनमा ल्याउनु यिनको विशेषता हो । यौनिक विषयलाई कथामा प्रस्तुत गर्ने हुनाले यिनको लेखनमा प्रकृतवादी यथार्थवादी प्रवृत्ति सजीव बनेर आएको देख्न सकिन्छ । यिनका कथामा मनोविज्ञान सघन रूपमा आएको छ ।

मानिसको मनको विश्लेषण गरी भित्री यथार्थलाई प्रकाशनमा ल्याउने काम मनोविज्ञानमा हुन्छ । मानिसको मनभित्र रहेको वास्तविकताको उद्‌घाटन गर्ने काम यहाँ गरिन्छ । मानिसको अचेतन मनमा रहेका क्रियाकलापद्वारा जैविक यथार्थलाई पस्किने काम पनि यहाँ हुन्छ । मानिसको अचेतनका क्रियाकलापलाई साहित्यकारले विभिन्न बिम्ब र प्रतीकका माध्यमबाट प्रकाशनमा ल्याएको हुन्छ । कथाकार शालिकराम पाण्डेका कथाहरूको अध्ययन गर्दा उक्त कुराको अवलोकन गर्न सकिन्छ । कथाकार शालिकराम पाण्डेका कथामा मानवीय मनका विविध अवस्थाको उद्‌घाटन भएको छ । यिनले कथाका माध्यमबाट मानिसको अन्तर्मनको शल्यक्रिया गर्ने काम गरेका छन् । समाजिक यथार्थका अभिव्यक्तिका साथमा मानवीय मनका चाहना, कुण्ठा र यौनिक क्रियाकलापको विश्लेषण गर्ने काम यहाँ गरिएको छ । केही कथामा मनोविज्ञानको पाटो गौण रहेको भए तापनि अधिक कथामा मानवीय संवेदनालाई सूक्ष्म रूपमा केलाउने काम गरिएको छ । प्रेमिल सन्दर्भका विषयका साथमा मानिसभित्रका यौनिक एषणाहरूलाई तुष्टि दिने प्रयत्नका साथै दुर्घटित बन्न गएका कामेक्षाको क्षतिपूर्तिस्वरूप प्रकट भएका समस्यालाई पनि कथामा प्रकाश पार्ने काम गरिएको छ । यौनिक बिम्ब र

सङ्केतको प्रयोगका साथमा प्रकृतवादी मनोविज्ञानको स्वाभाविक प्रस्तुति पनि यहाँ पाउन सकिन्छ । सामाजिक मर्यादाभन्दा टाढा रहेका स्वच्छन्द प्रकृतिका पात्रहरूको मनोविश्लेषण पनि सादर्भिक रूपमा भएको छ । मानिसभित्रको मनोकाङ्क्षा पूर्ण नहुँदा देखापर्ने समस्या अनि इगोको व्यवस्थापन नहुँदा चरित्रमा देखिने जटिलतालाई पनि कथामा प्रस्तुत गरिएको छ । सामाजिक समस्यालाई आधार बनाई व्यक्तिभित्रका कुण्ठा र एषणालाई सतहमा ल्याउने काम यहाँ गरिएकाले मनोविज्ञान पक्ष सबल बनेर आएको कुरा स्पष्ट हुन्छ ।

विविध प्रकृतिका पात्रहरूको चयन गरी तिनका मान्यता र आग्रहको उद्घाटनका साथमा व्यक्तिको अवस्थालाई प्रकाशनमा ल्याउने काम पाण्डेले गरेका छन् । यस सङ्ग्रहभित्र रहेका कुल उन्नाईसवटा कथालाई अध्ययन गर्दा धेरैजसो कथामा मनोविज्ञान सबल रूपमा आएको छ । मानिसका मन भित्रको यर्थाथलाई यहाँ मुखरित गरिएको छ । विविध प्रकृतिका मानसिकता भएका पात्रहरूको चित्रण गरी समाजमा विद्यमान समस्यालाई सतहमा ल्याउने काम कथाकार पाण्डेले गरेको छन् । यिनका कथामा नारी अहं र एषणा सशक्त रूपमा प्रकट भएको छ । विभिन्न बिम्ब र प्रतीकका साथमा मानिसमा निहित यौन मनोविज्ञान प्रबल रूपमा आएको पाइन्छ । 'कालो धर्सो', 'निगुरो' जस्ता यौनिक बिम्बद्वारा यौन चेतनाको प्रकटीकरण भएको देख्न सकिन्छ । जीवनका घातप्रतिघातजन्य परिस्थितिलाई पनि कथामा प्रस्तुत गरिएको छ । बृद्धबृद्धाले भोग्नुपरेको पीडा अनि अनुभूतिको तितो अवस्थाका साथमा अभिघात मनोविज्ञानको जीवन्त प्रस्तुति पनि यहाँ हुन पुगेको देखिन्छ । कोही पात्रहरूको विक्षिप्त अवस्था र पागलपनलाई कथामा झल्काइएको छ । अचेतन अवस्थाको प्रस्तुतिका क्रममा असामान्य मनोविज्ञानको पनि यहाँ प्रयोग भएको छ । पात्रका मानसिकतामा भएको अपराधबोधको अवस्थालाई यहाँ सान्दर्भिक रूपमा उपयोग गरिएकाले अपराध मनोविज्ञानको प्रयोग पनि केही कथामा भएको देख्न सकिन्छ । घटना र चरित्रका साथमा मानिसका विविध मनोदशाको चिरफार गर्ने काम गरिएकाले प्रस्तुत कथासङ्ग्रहमा मनोविज्ञान केन्द्र भागमा रहेको कुरा स्पष्ट हुन्छ ।

## सन्दर्भसामग्री


गैरे, शंकरप्रसाद (२०७१) 'यौनिक अस्तित्ववाद र नरेन्द्र दाइ उपन्यास'. *प्रज्ञान* (वर्ष ३, अङ्क २, पृ. ५९-७३) विश्वेश्वरप्रसाद कोइराला विशेषाङ्क. पाल्पा : त्रिभुवन बहुमुखी क्याम्पस, नेपाली शिक्षण विभाग, तानसेन ।

गौतम, कृष्ण (२०५०). *आधुनिक आलोचना अनेक रूप अनेक पठन.* ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०३०). *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा.* काठमाडौँ : साझा प्रकाशन ।

पन्थ, टंकप्रसाद (२०६९). 'रससिद्धान्त र मनोविज्ञानको सम्बन्ध' *प्राज्ञिक प्रवाह* (वर्ष २१, अंक ७, पृ. १६१-१६८). पाल्पा : त्रिभुवन विश्वविद्यालय प्रकध्यापक संघ त्रिभुवन बहुमुखी क्याम्पस एकाइ समिति ।

पाण्डे, शालिकराम (२०७८). *खुसीको खोजी.* काठमाडौँ : आवरण प्रकाशन ।

भण्डारी, गोपालप्रसाद (१०६१). *समालोचनाका केही बान्कीहरू.* ललितपुर : साझा प्रकाशन ।

शर्मा, मोहनराज (२०६३). *समकालीन नेपाली समालोचना सिद्धान्त र प्रयोग* (दोस्रो संस्क). काठमाडौँ : अक्सफोर्ड इन्टरनेशनल पब्लिकेसन ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०६७). *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

सुवेदी, राजेन्द्र (सम्पा. २०५१) *स्नातकोत्तर नेपाली कथा.* ललितपुर : साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०६८) *नेपाली समालोचना : परम्परा र प्रवृत्ति.* काठमाडौँ : पाठ्यसामग्री प्रकाशन ।